REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs.     Date: 02.11.2025

CJ-Foundation Stone: IPR

सिक्किम उच्च अदालतका मुख्य न्यायाधीश, न्यायमूर्ति विश्वनाथ सोमाद्दरले रङ्गेलीमा महकुमा अदालतको शिलान्यास गर्नुभयो। कार्यक्रममा, भवन तथा आवास विभागका प्रमुख अभियान्ता एवं सचिव आशा गुरुङले परियोजनाबारे संक्षिप्त प्राविधिक प्रतिवेदन प्रस्तुत गर्नुभयो। ४.६५ एकड क्षेत्रफलमा निर्माण हुने प्रस्तावित रङ्गेली अदालत परिसरमा मुख्य अदालत भवन, न्यायिक मजिस्ट्रेट बंगला र न्यायाधीशहरूका लागि अतिथिगृह समावेश हुनेछ। मुख्य अदालत भवनमा न्यायाधीशहरू, सर्वसाधारण, जोखिममा परेका साक्षीहरू र अभियुक्तहरूका लागि छुट्टाछुट्टै प्रवेशद्वारहरू हुनेछन्। यसमा अदालत कक्षहरू, न्यायाधीशहरूको कक्ष, वादी-प्रतिवादीहरूको प्रतीक्षालय, कर्मचारी कोठा, जोखिममा परेका साक्षी बयान केन्द्र, न्यायिक सेवा केन्द्र, पुस्तकालय, नर्सिङ कोठासहितको शिशुगृह, रेकर्ड कोठा, डिजिटल प्रमाण कोठासहितको मालखाना, अभियोजन र कार्यालय कोठा, सम्मेलन हल, भिडियो कन्फरेन्सिङ कोठा, सर्भर र डिजिटलाइजेसन कोठाहरू हुनेछन्। संलग्न भवनमा ई-सेवा केन्द्र, भान्साघर र स्टोरसहितको क्यान्टिन, चालक कोठा र सर्भर कोठा हुनेछन्।

Trail Run: Madhu Sharma

देन्ताम पर्यटन विकास समितिले आज दस किलोमिटर चिवाभञ्ज्याङ ट्रेल रनको आयोजना गऱ्यो। बिहान उत्तरेबाट सुरु गरिएको यो दौड सफलतापूर्वक सम्पन्न भयो। यसमा छिमेकी देश नेपाल लगायत देशका

विभिन्न ठाउँबाट ३०० भन्दा बढी मानिसहरू सहभागी भए। दौडलाई सोरेङ-चाखुङका विधायक आदित्य गोलेले सुरुवात गराउनुभयो। चिवाभञ्ज्याङमा सिक्किम विधान सभाका उपाध्यक्ष राजकुमारी थापा र विधायक कला राईले दौडका सहभागीहरूलाई स्वागत जनाउनुभयो।

Pari Puraskar: Shekhar Khawas

वर्ष 2025 को परी पुरस्कार, पुरुष सर्जकमा साहित्यकार सन्तोष आले र महिला सर्जकमा, साहित्यकार एवं चित्रकार दीपा राईलाई प्रदान गरिने भएको छ। आगामी 15 नोभेम्बरको दिन गान्तोकस्थित मनन केन्द्रमा आयोजना गरिने परी प्रकाशन, सोरेङको स्थापना दिवस कार्यक्रममा यी पुरस्कार प्रदान गरिने परी प्रकाशनका अध्यक्ष चन्द्रप्रकाश भट्टराईले जानकारी दिनुभयो। उहाँका अनुसार यस वर्षको स्थापना दिवस कार्यक्रमको अध्यक्ष छिमेकी राष्ट्र नेपालको वरिष्ठ उपन्यासकार एवं नाटककार सरुभक्त श्रेष्ट रहनुहुनेछ। परी प्रकाशन, सोरेङले प्रत्येक वर्ष स्थापना दिवसको अवसरमा साहित्य सर्जकहरूलाई पुरुष र महिला वर्गमा पुरस्कार प्रदान गर्दै आएको छ।

Nari Shakti Tour: IPR

महिला सशक्तिकरणतर्फ मुख्यमन्त्री प्रेमसिंह तामाङको निरन्तर प्रयास अनुरूप, नाथाङ-माचोङ निर्वाचन क्षेत्रका ५५ जना बेरोजगार महिलाहरूको समूहले सातदिने नारी शक्ति सिक्किम दिल्ली दर्शन एक्सपोजर भ्रमण गरेको छ। यो भ्रमण २७ अक्टोबर २०२५ मा सुरु भएको थियो। सातदिने लामो एक्सपोजर भ्रमणको क्रममा, भ्रमण समूहले देशका ऐतिहासिक र सांस्कृतिक महत्त्व बोकेका धेरै स्थलहरूको भ्रमण गऱ्यो, जसबाट भारतको लोकतान्त्रिक र सम्पदा संस्थाहरूबारे उनीहरूको बुझाइ समृद्ध भएको छ। ३१ अक्टोबर २०२५ मा, राज्यसभा सांसद डी.टी. लेप्चाले नयाँ दिल्लीस्थित आफ्नो निवासमा सबै सहभागीहरूको सम्मानमा रात्रिभोज आयोजना गर्नुभयो। कार्यक्रम आज सम्पन्न भयो। नारी शक्ति सिक्किम दिल्ली दर्शन पहलले सिक्किम सरकारको एक्सपोजर, शिक्षा र अनुभवात्मक सिकाइ मार्फत महिला

सशक्तिकरणलाई प्रवर्धन गर्ने दृढ प्रतिबद्धतालाई झल्काउँदछ, जसले महिलाहरूलाई सामाजिक र आर्थिक विकासको प्रक्रियामा सक्रिय हुन प्रोत्साहित गर्दछ।

Gold Cup: Madhu Sharma

च्याखुङमा चलिरहेको अठारौँ एलडी काजी गोल्डकप फुटबल टर्नामेन्टमा रेड पाण्डा नाम्ची र खाब्जाल भेङ्थर मिजोरम क्वार्टर फाइनलमा प्रवेश गरेका छन्। आज खेलिएको पहिलो खेलमा रेड पाण्डा नाम्ची मकवानपुर नेपाललाई 2 को विरुद्ध 4 गोलले पराजित गरी अनि अर्को म्याचमा खाब्जाल भेङ्थर मिजोरम यूकेएफसी खार्साङलाई पराजित गरी क्वार्टर फाइनलमा प्रवेश गरेका हुन्। आजको खेलमा विधायक तथा विद्युत विभागका सल्लाहकार सञ्जित खरेल मुख्य अतिथिका रूपमा उपस्थित हुनुभयो।

Taekwondo: Dilliram Dulal

सिक्किमका राष्ट्रिय ताइक्वान्दो खेलाडी रवि दास, हर्क बहादुर राई र ग्रान्ड मास्टर त्रिलोक सुब्बाले आज ब्याङ्ककमा आयोजित सिनियर पुरुष ताइक्वान्दो पुम्से टिम इभेन्टमा भारतका लागि अर्को स्वर्ण पदक जितेका छन्। दोस्रो तिरक र के.डी.एम. इन्टरनेशनल ताइक्वान्दो च्याम्पियनसिप नोभेम्बर १ देखि २ नोभेम्बरसम्म ब्याङ्ककमा आयोजना गरिएको थियो। यस च्याम्पियनसिपमा दक्षिण कोरिया, भारत, मलेसिया, जापान, श्रीलंका, भियतनाम, सिङ्गापुर जस्ता देशका ७०० भन्दा बढी खेलाडीहरूले भाग लिए।